# स्थानिय राजपत्र

**खण्ड - ७** **सख्या - २** **मिति — २०८१-१०-०३**

भाग - २

माईजोगमाई गाउँपालिका ,

नयाँबजार ईलाम

**<u>माईजोगमाई गाउँपालिकाको कर्मचारी अवकाश (उपदान) सेवा, सुविधा र शर्त संचालन सम्बन्धी कार्यविधि, २०८१</u>**

माईजोगमाई गाउँपालिका

# माईजोगमाई गाउँपालिकाको कर्मचारी अवकाश (उपदान) सेवा, सुविधा र शर्त संचालन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना :

नेपालको संविधानले अंगीकार गरेको सुशासन प्रवर्धन गर्न, कर्मचारीहरुको उचित व्यवस्थापन गरी समयानुकुल सेवा प्रवाह गर्न र स्थानीय तहको काम कारवाहीलाई सरल, सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामुखी बनाउँदै विगत लामो समयदेखि साविक स्थानीय निकायको सेवामा समर्पित भै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका साविक स्थानीय निकाय (गा.वि.स., नगरपालिका र जिविस) तर्फका स्थायी कर्मचारीहरु संघिय संरचना (संघिय तह) मा २०७६ पछि लोक सेवा आयोगबाट स्थायी पदपूर्ति भै आएका स्थायी कर्मचारीहरुले अवकाशपछि पाउने उपदान सेवा सुविधा लगायत अन्य रकम ब्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माईजोगमाई गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस कार्यविधिको नाम "माईजोगमाई गाउँपालिकाको कर्मचारी अवकाश (उपदान) सेवा सुविधा र शर्त संचालन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ अनुसार पदपूर्ति गरिएका साविक स्थानीय निकायका नियम २६४ चौथो संशोधन, नियम २६५, २६६, २६७ र २६८ बमोजिमका कर्मचारीहरु तथा संघिय

ब्यवस्था लागु भए पश्चात यस गाउँपालिकामा समायोजन भै आएका र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भइ नियुक्ती भएका कर्मचारीहरु समेतमा लागू हुनेछ।

(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा र व्याख्याः-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , कर्मचारी समायोजन ऐन, २०७५ र स्थायी सरकारी सेवा गठन ऐन २०८० लाई सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले कर्मचारी अवकाश (उपदान) सेवा, सुविधा र शर्त संचालन सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ।

(ग) "उपदान" भन्नाले तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ अनुसार पदपूर्ति गरिएका कर्मचारीहरुले नियम २६८ बमोजिम प्राप्त गर्ने उपदानलाई सम्झनु पर्छ।

(घ) "कर्मचारी कल्याण कोष" भन्नाले कर्मचारी कल्याण कोष निर्देशिका २०८१" लाई सम्झनु पर्छ।

(ङ) "उपचार खर्च" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ अनुसार तत्कालीन स्थानीय निकायका कर्मचारीहरुलाई उपलव्ध गराइने उपचार खर्चलाई सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले माईजोगमाई गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले माईजोगमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले गाउँपालिकाको संगठन संरचनामा रहेको शाखा/उपशाखा इकाईका लागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ।

(ज) "स्थानीय निकाय" भन्नाले साबिक गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई सम्झनु पर्दछ।

माईजोगमाई गाउँपालिका

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ) "स्थानीय कर्मचारी" भन्नाले साविक जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकामा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम माईजोगमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा समायोजन भएका कर्मचारीहरु साथै २०७६ साल पछि संघिय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोग बाट स्थायी पदपूर्ति भै कार्यरत रहेका स्थायी कर्मचारीरुलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा सम्बन्धी व्यवस्था

३. उपदानः पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको स्थानीय कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराइ पदबाट अलग भएमा वा भविष्यमा स्थानीय तहको सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा वा अवकाश दिइएमा देहायको दरले उपदान पाउने छ

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको आधा महिनाको तलव बराबरको रकम,

(ख) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको एक महिनाको तलव बराबरको रकम,

(ग) पन्ध्र वर्षदेखि बीस वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको डेढ महिनाको तलव बराबरको रकम,

माईजोगमाई गाँउपालिका

(घ) बीस वर्षदेखि पच्चीस वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको दुई महिनाको तलव बराबरको रकम,

(ङ) पच्चीस वर्षभन्दा बढी सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको अढाई महिनाको तलव बराबरको रकम ।

४. योगदानमा आधारित उपदानः स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ९१ को उपदफा २ मा जुनसुकै कुरा उल्लेख भएता पनि निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० बमोजिमको कर्मचारीको योगदान सम्बन्धी रकम सो ऐन लागू भएपछि स्थानीय तहमा नियुक्त भएका स्थायी कर्मचारीहरुलाई मात्र लागु भएको मानिने छ ।

५. कर्मचारी कल्याण कोषः कर्मचारी कल्याण कोषमा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम तत्कालीन स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई उपदान, औषधि उपचार, विदा बापतको रकम भुक्तानी गर्नु पर्दछ । स्थानीय तहले प्रत्येक वर्ष आफ्नो कार्यालयलाई आवश्यक पर्ने कम्तिमा एक महिना बराबरको रकम जम्मा गर्नु पर्दछ ।

६. औषधि उपचार खर्चः स्थानीय तहमा समायोजन भएका कर्मचारीले सेवा अवधिभरमा अधिकृतस्तरको कर्मचारी भएमा बाह्र महिना बराबरको र सहायकस्तरको कर्मचारी भए अठार महिना बराबरको खाइपाई आएको तलव रकम उपचार खर्च वापत पाउने छ ।

७. वीमा सम्बन्धी व्यवस्थाः स्थानीय तहले स्थानीय तहका कर्मचारी र सो तहबाट समान रकम व्यहोर्ने गरी बीमा सम्बन्धी आवश्यक व्यवस्था गराउनु पर्नेछ ।

८. विदाको रकम भुक्तानी स्थानीय तहका कर्मचारीहरुलाई प्रचलित ऐन कानून अनुसार कर्मचारीको संचित विदा वापतको रकम भुक्तानी गरिने छ ।

९. स्थायी कर्मचारीहरुको अवकाश हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, बिरामी बिदा, घर बिदा लगायतका सुविधा संघीय र प्रादेशिक कानुनहरुलाई आधार मानी गणना गरिनेछ ।

१०. बाधा अडकाउ फुकाउनेः-

(१) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अडकाउ परेमा गाउँकार्यपालिकाले आदेश पत्र जारी गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिने छ

११. खारेजी र बजाउः-

(१) यो कार्यविधि साविक स्थानीय निकाय (जिविस, गाविस, नगरपालिका) बाट स्थायी नियुक्ति भई माईजोगमाई गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुमा मात्र लागू हुनेछ ।

(२) कार्यविधि नेपालको संविधान, संघीय कानून, प्रदेश कानून र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(३) संघीय ऐन, कानुन बनेको हकमा सोही ऐन कानुनको अधीनमा रही सोही ऐन कानुन अनुसार नबाझिएको हदसम्म परिमार्जन गर्न सकिने छ ।

आज्ञाले

कुमार बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

माईजोगमाई गाउँपालिका